नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# धुलिखेल नगरपालिका कार्यालय

काभ्रेपलाञ्चोक

# आ.व. २०७२/७३ को

# वार्षिक प्रगति समीक्षा प्रतिवेदन

**(Annual Municipal Review Report)**

१० भाद्र, २०७३

# विषयसूचीहरु

१. पृष्ठभूमी ........ ३
२. उद्देश्य ........ ३
३. कार्यक्रम सञ्चालन र मिति ........ ३
४. सहभागीहरु ........ ४
५. कार्यक्रम सञ्चालन प्रकृया ........ ४
६. अपेक्षित उपलब्धीहरु ........ ५
७. अनुसूचीहरु ........ ६

## १. पृष्ठभूमी

नेपाल सरकारले स्थानीय स्तरमा विकास निर्माण कार्य लगायत अन्य विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गर्नका लागि स्थानीय निकायहरुको व्यवस्था गरेको छ। स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) ले आ–आफ्नो क्षेत्र भित्रका बासिन्दाहरुको मागलाई समेत ध्यानमा राखी बजेट, नीति, योजना तथा कार्यक्रमहरु तर्जुमा गरि स्थानीय स्वायत शासन ऐन २०५५, स्थानीय स्वायत शासन नियमावली २०५६, स्थानिय निकाय (आ.प्र) नियमावली २०६४, सुशासन ऐन २०६३, नियमाबली २०६४ एबं नेपाल सरकारबाट बिभिन्न समयमा भएको परिपत्र समेत को आधारमा समिक्षा गर्न पर्ने ब्यबस्था छ।

यसै सन्दर्भमा स्थानीय स्वायत शासन ऐन २०५५ तथा सम्बन्धित नियमाबलीले निर्दिष्ट गरेका उदेश्य तथा क्षेत्रगत आधारलाई स्थानीय निकायबाट सेबा प्रबाह गर्ने, बिकेन्द्रीकरणको आधारमा बिकासका कार्यहरु लाई प्राथमिकता दिइ नगरलाई ब्यबस्थित गर्ने  कार्य नगरपालिकाबाट गरिने ब्यबस्था छ। नियमित  रुपमा सम्पादन गरेका कार्यहरुको समिक्षाबाट भाबी दिनहरुमा गर्ने कार्यको लाई निर्देशित गर्न सहयोग पुग्ने अभिप्रायले यस न.पाले गत आ.बको बार्षिक समिक्षा गरिएको हो।

## २. उद्देश्य

- गत आ.वको बार्षिक समिक्षा कार्यक्षेत्रको आधारमा कार्यप्रगतिको रुपमा नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको अवस्था झल्काउनु।
- नगरपालिकाले सम्पादन गरेका कार्यहरु सरोकारवाला समक्ष पुर्‍याई आवश्यक पृष्ठपोषण लिन।

## ३. कार्यक्रम सञ्चालन र मिति

समीक्षा कार्यक्रम २०७३ भाद्र १० गते शुक्रबार दिनको १२:०० बजेबाट न.पा सभा कक्षमा संचालन भएको थियो।

## ४. सहभागीहरु

सो समिक्षा कार्यक्रममा सर्वदलिय संयन्त्रका प्रतिनिधिहरु, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाज एवम् पत्रकारहरु, सरकारी संस्थाका प्रतिनिधिहरु,उद्योग वाणिज्य संघ , नागरिक सचेतना केन्द्रका सदस्यहरु, वडा नागरिक मञ्चका सदस्यहरु तथा उपभोक्ता समितिका प्रतिनिधिहरु न.पा. कर्मचारी सहित ७८ जनाको सहभागिता रहेको थियो । सहभागीहरुको विवरण **अनुसूची २** मा संलग्न गरिएको छ ।

## ५. कार्यक्रम सञ्चालन प्रकृया

धुलिखेल नगरपालिकाका प्रमख एवं कार्यकारी अधिकृत श्री बिनोद भट्टराई ज्यूको अध्यक्षता र जिल्ला विकास समितिको कार्यलाय, काभ्रेपालञ्चोकका स्थानीय विकास अधिकारी टेकराज निरौला प्रमुख अतिथि रहेको उक्त बार्षिक समिक्षा कार्यक्रम लाई दुई सत्रमा विभाजन गरि संचालन गरिएको थियो । कार्यक्रममा सहभागीहरुलाई **अनुसूची ४** अनुसारको Handout वितरण गरिएको थियो । पहिलो सत्रमा नगरपालिकाका सामाजिक शाखा प्रमुख श्री श्रीविक्रम व्याँजुले सहभागीहरुलाई स्वागत गर्नुभएको थियो भने नगरपालिकाले गत आ.व. मा भए गरेका कार्यहरुका बार्षिक समिक्षा कार्यक्रमहरु आन्तरिक प्रशासन शाखा, प्रशासन तथा सुशासन शाखा र सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाका प्रगतिहरु प्रशासन तथा सुशासन शाखाका प्रमुख श्री मीनगोपाल तखाछैंले प्रस्तुत गर्नुभएको थियो भने । सामाजिक विकास शाखाका प्रगतिहरु सामाजिक शाखा प्रमुख श्री श्रीबिक्रम ब्याँञ्जुले प्रस्तुत गर्नुभएको थियो । त्यसै गरी शहरी विकास शाखा र योजना तथा अनुगमन शाखाबाट भए गरेका कार्यक्रम तथा प्रगतिहरुको बारेमा नगरपालिकाका ईन्जिनियर श्री बिजय कुमार बडालद्वारा प्रस्तुत भएको थियो । उक्त प्रस्तुतिमा उहाँले गत आ.व.मा २०७२-०७-२३ मा भएको विशेष परिषदबाट पारीत भ्यू-**टावर गुरु योजनाका लागि डिजाईन, ड्र्ईङ, ईष्टिमेट गर्ने कार्य** विशेष कारणवश स्थगित भएको बारेमा जानकारी गराउनुभएको थियो ।

प्रमुख अथिति, विशेष अथिति, अथिति, राजनिति दलका प्रतिनिधि समेतले कार्यक्रमको सफलता एबं शुभकामना ब्यक्त गर्नु भएको थियो । प्रस्तुतीकरण गरिएका प्रस्तुती तथा विवरणहरु **अनुसूची २** मा संलग्न गरिएको छ ।

दोश्रो सत्रमा सहभागीहरुका न.पा द्धारा गत आ.ब मा भए गरेका कार्यहरुका बार्षिक समिक्षाको सन्दर्भमा आ–आफ्नो राय सल्लाह, सुझाब,गुनासोका लागि खुल्ला छलफल तथा अन्तरक्रिया गरिएको थियो । सहभागीहरुले दिएका

रचनात्मक राय सुझाव, जिज्ञाशा, गुनासोहरु अनुसुचि ३ मा संलग्न गरिएको छ। कार्यक्रममा सेवाग्राही नागरिकहरु तथा अन्य सहभागीहरुले उठाएका विषय वस्तुहरु जस्तै ठेकेदारबाट गर्नुपर्ने कामको अवधि असीमीत हुनु,फोहरमैला व्यवस्थापन कार्यक्रम, योजना छनौट तथा कार्यान्वयको अवस्था, नक्शा पास सम्वन्धी, अनियमित निर्माण सम्वन्धी कार्यका बारेमा छलफल भएको थियो । वडा नागरिक मञ्चहरुको तर्फबाट श्री जितेन्द्र खत्री ज्यूले भट्टेडाँडा-काभ्रेभञ्ज्याङ सडकको ० किलोमा व्यक्तिले मापदण्ड विपरीत वाल लगाएको बारेमा वहस उठाउनुभएको थियो।

अन्तमा उठेका विषय बस्तुहरुको बारेमा धुलिखेल नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत बिनोद भट्टराई स्पस्ट पार्दै सम्पूर्ण सहभागीहरुवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी जिम्मेवारीताको प्रतिवद्धता समेत व्यक्त गर्दै समग्र जिज्ञाशा तथा प्रश्नहरुका सम्वन्धमा प्रकाश पारी कार्यक्रममा सहभागी सम्पुर्ण महानुभावहरुलाई धन्यवाद दिंदै आगामी दिनमा पनि रचनात्मक सुझाव,सहयोग तथा सहकार्यको अपेक्षा गर्दै कार्यक्रम विसर्जन गर्नु भएको थियो । कार्यक्रमको उदघोषण धुलिखेल वडा नं. २ की सामाजिक परिचालिका श्री सरस्वती श्रेष्ठले गर्नुभएको थियो भने कार्यक्रम व्यवस्थापन नगरपालिकामा कार्रत ICT Volunteer योगेन्द्र तामाङले गर्नुभएको थियो।

## ६. अपेक्षित उपलब्धीहरु

क. आगामी दिनहरुमा बिकास निर्माणका कार्यक्रमहरु समयमा नै संचालन गर्नुपर्ने।
ख. गत आ.ब मा समेटन नसकिएका तर महत्वपुर्ण योजनाहरुलाई आगामी बर्षमा समेट्नुपर्ने।
ग. संचालन गरिने योजनाहरुमा समयमै जनसहभागिता जुटाउनुपर्ने।
घ. नगरपालिकाबाट संचालित बिकास कार्यक्रम उपलब्ध सेबा, बस्तु, सुबिधा सार्बजनिक गर्ने।
ङ. सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउनुपर्ने।
च. नगरपालिकाबाट संचालित बिकास कार्यक्रम, उपलब्ध सेबा, सुबिधा बस्तुमा नगरबासीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउनुपर्ने।
छ. नागरिक समाज र सर्बसाधारण लाई न.पा को काम कारबाहीको सुचनामा अभिबृद्धी सहयोग पुराउनुपर्ने ।

## ७. अनुसूचीहरु

### अनुसुची १: कार्यक्रममा सहभागीहरुका जिज्ञाशा तथा सुझावहरु

१. **जितकृष्ण धिनाङ्गजु , अध्यक्ष नेपाली कांग्रेस, धुलिखेल**

क. कार्यक्रम राम्रो छ , प्रगती सन्तोषजनक लाग्यो।

ख. यस्तो कार्याक्रमबाट नगरबासीमा न.पा बाट संचालित कार्याक्रमको जानकारी प्राप्त हुन्छ

ग. राजनितिक दलाका प्रतिनिधिहरुले एक आपसमा मिलेर न.पाको आन्तरिक आम्दानी वृद्दि गर्ने तर्फ अगाडी बढनुपर्ने।

२. **पृथ्वी थापा, पार्टी प्रतिनिधि, एमाओवादी, धुलिखेल**

क. कार्यक्रम राम्रो छ , प्रगती सन्तोषजनक लाग्यो।

ख. सफलता महत्वपूर्ण तर परिपूर्णता पनि हुनुपर्ने

ग. दिर्घकालिन कार्ययोजना वनाईनुपर्ने

घ. समाजले पनि नगरपालिकाको कामको अपनत्व लिनुपर्ने

ङ. प्रशस्त अनुगमनको आवश्यकता

३. **बिनोद पराजुली, पार्टी प्रतिनिध, नेकपा एमाले**

क. नगरपालिकाको कार्यप्रगति गत आ.व भन्दा राम्रो।

ख. जनताको अपेक्षा एवं आवश्यकतालाई ध्यान दिई कार्ययोजना वनाईनुपर्ने।

ग. समस्याको पहिचान मुख्य।

घ. गरिएको काम पारदर्शी तथा गुणस्तरीय हुनुपर्ने।

ङ. धुलिखेललाई सवैले आ–आफ्नो ठाँउवाट योगदान गरेर अगाडी वढ्नुपर्ने।

च. नगरको बिकासका लागी नगरबासीहरु जागरुक भई आ आफनो क्षेत्रमा भए गरेका कामको अपनत्व महसुस गरी नगरपालिकालाई आबश्यक मद्दत गर्नु पर्ने।

४. **ऋषिराम दुलाल, पार्टी प्रतिनिधि, नेमकिपा, धुलिखेल**

क. समयमा अनुगमनको आवश्यकता

ख. धुलिखेल नगरपालिकाको शाखामा जनशक्ति अभाव पूर्ति गरिनुपर्ने

ग. शिशु स्याहार केन्द्रको स्थापना गर्नुपर्ने

घ. टोल विकास संस्था तथा वडा नागरिक मञ्चहरुको कार्यहरुको अनुगमन गर्नुपर्ने

५. **जितेन्द्र खत्री, संयोजक, वडा नागरिक मञ्च-१३, धुलिखेल**

क. कार्यक्रम राम्रो छ , प्रगती सन्तोषजनक लाग्यो।

ख. योजना प्रभावकारी वनाउनुपने

ग. योजना अनुगमन प्रभावकारी वनाईनुपर्ने

घ. महिला लक्षित कार्यक्रम प्रभावकारी वनाईनुपर्ने

ङ. सामाजिक भेदभाव न्युनीकरणमा जोड दिईनुपर्ने

# अनुसूची २: बार्षिक समीक्षा कार्यक्रमको उपस्थिति तथा निर्णय पुस्तिका

अनुसूची ३: विभिन्न शाखा प्रमुखज्यूहरुबाट प्रस्तुत बार्षिक प्रगति विवरण प्रस्तुति

# अनुसुची ४: कार्यक्रममा वितरण गरिएको Handout




१. वार्षिक समीक्षामा उपस्थित अतिथी महानुभावहरु



२. वार्षिक समीक्षामा कार्यक्रममा उपस्थित सहभागीहरु

## २. बार्षिक समीक्षा गोष्ठीका सहभागीहरु